आज मिति २०८२ साल भाद्र २६ गते दिनको ११ : ०० बजे सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८२/०८३ को दोश्रो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनवीर वुढा | प्रशासकीय अधिकृत | |
| २ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गण बहादुर थापा | सहयोगी | |

मणिराम बुढाथोकी
अध्यक्ष

## दोश्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समिक्षा सम्बन्धमा ।

२. कानुन स्वीकृत तथा सिफारिस सम्बन्धमा ।

क) सरसफाई तथा फोहोर व्यवस्थापन कार्यविधि, २०८२

ख) खानेपानी, सरसफाई तथा स्वच्छता विधेयक, २०८२

३. आयोजना फरफारक तथा हस्तान्तरण सम्बन्धमा ।

४. न्यूनतम पारिश्रमिक कार्यान्वयन तथा सामाजिक सुरक्षा कोषमा आवद्ध सम्बन्धमा ।

५. लोकसेवा आयोगमा रिक्त दरबन्दी माग सम्बन्धमा ।

६. विविध छलफल सम्बन्धमा ।

## २०८२ भाद्र २६ गते बसेको दोश्रो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका वैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला वैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो ।कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिध्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | कानुन स्वीकृत तथा सिफारिस सम्बन्धमा ।<br>क) सरसफाई तथा फोहोर व्यवस्थापन कार्यविधि, २०८२<br>ख) खानेपानी, सरसफाई तथा स्वच्छता विधेयक, २०८२ | गाउँपालिकाकालाई आवश्यक पर्ने कानुनहरु आगामी गाउँसभामा सिफारिस तथा स्वीकृत गर्न आवश्यक रहेको । | विभिन्न मितिमा बसेको कानुन मस्यौदा समितिको वैठकबाट छलफल भई सिफारिस भएको खानेपानी, सरसफाई तथा स्वच्छता विधेयक, २०८२ स्वीकृतका लागि आगामी गाउँसभामा सिफारिस गर्ने तथा सरसफाई तथा फोहोर व्यवस्थापन कार्यविधि, २०८२ लाई स्वीकृत गरी तत्काल कार्यान्वयन गर्ने । साथै गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता योजना (WASH Plan) निर्माणका लागि खानेपानी, सरसफाई तथा स्वच्छता विधेयक, २०८२ को दफा ९ को उपदफा (१) बमोजिमको समन्वय समितिबाट काम कार्वाही प्रकृया अगाडि बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | आयोजना फरफारक तथा हस्तान्तरण सम्बन्धमा । | अघिल्ला आ.व.हरुको आयोजनाहरु फरफारक गर्न तथा उपभोक्ता समितिहरुलाई हस्तान्तरण गरिएको । | अघिल्लो आ.व.मा सम्पन्न भएका आयोजनाहरुको फरकफारक गरीयो । साथै उपभोक्ता समितिबाट सम्पन्न भएका पूर्वाधारहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरियो । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | न्यूनतम पारिश्रमिक कार्यान्वयन तथा सामाजिक सुरक्षा कोषमा आवद्ध सम्बन्धमा । | गाउँपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत करार तर्फका कर्मचारीहरुलाई न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक भएको । | श्रम तथा रोजगार कार्यालय वुटवलको मिति २०८२/०४/२० गते प्रेशित पत्रानुसार गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत करार तर्फका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | लोकसेवा आयोगमा रिक्त दरबन्दी माग सम्बन्धमा । | गाउँपालिका तथा मातहतका कार्यालयहरुमा रिक्त रहेको दरवन्दीमा कर्मचारी मागका गर्न आवश्यक रहेको । | गाउँपालिका तथा अन्तर्गत कार्यालयहरुमा कर्मचारी समायोजनका बखत गाउँपालिकाको लागि संघीय सरकारद्धारा स्वीकृत दरवन्दी बमोजिमका रिक्त रहेका पदहरुमा कर्मचारी मागका लागि प्रदेश लोकसेवा आयोगमा पठाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) करार सेवामा कार्यरत कर्मचारीको तलब अध्ययन समिति गठन सम्बन्धमा । | क) करार सेवामा कार्यरत कर्मचारीको तलबमानमा एकरुपता लिनका लागि तपसिल बमोजिमको समिति गठन गरी समितिबाट आवश्यक राय सुझाव सहितको प्रतिवेदन आगामी कार्यपालिका वैठकमा पेश गर्ने ।<br>तपसिल<br>१) पवन कुमार कवर -संयोजक<br>२) लोकेन्द्र बहादुर थापा -सदस्य<br>३) रनवीर वुढा - सदस्य<br>४) मधुसुदन गैरे -सदस्य सचिव | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष